नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग, अनुमति तथा दर्ता शाखा, त्रिपुरेश्वर, काठमाण्डौ

# वस्तुको उत्पादन गर्ने करार (कन्ट्रयाक्ट) वा उपकरार (सव कन्ट्रयाक्ट) सम्बन्धी मापदण्ड, २०८१

(मिति २०८१ साउन १६ गते बसेको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको २४२औं बैठकबाट स्वीकृत)

औद्योगिक व्यवसाय ऐन,२०७६ को दफा ५० र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, को दफा ४५ मा रहेको करार गरी उत्पादन गर्न सक्ने व्यवस्थालाई कार्यान्वन गर्न औद्योगिक तथा लगानी प्रवर्दन वोर्डको २४२ औं बैठकले यो मापदण्ड स्विकृत गरेको छ।

## १. करारको अभिलेखका लागि निवेदन पेश गर्नु पर्ने

समान उद्देश्य लिई प्रचलित कानून बमोजिम दर्ता भई व्यावसायिक कारोबार प्रारम्भ गरेका उद्योग, फर्म, कम्पनी वा प्रतिष्ठानहरूले एक-आपसमा करार गरी करारमा वस्तु उत्पादन गर्ने वा गराउने सम्बन्धी करारको अभिलेखका लागि देहायका कागजातसहित उद्योग विभाग समक्ष निवेदन पेश गर्नुपर्नेछ:

(क) करारमा वस्तु उत्पादन गराउने उद्योग र उत्पादन गर्ने उद्योगले एकआपसमा गरेको करार (कन्ट्रयाक्ट) वा उपकरार (सव कन्ट्रयाक्ट) सम्झौता।

(ख) उत्पादन गराउने उद्योग र उत्पादन गर्ने उद्योगको उद्योग दर्ता प्रमाणपत्र।

(ग) उत्पादन गराउने उद्योग र उत्पादन गर्ने उद्योगको स्वीकृत परियोजना प्रस्ताव (स्कीम)।

(घ) उत्पादन गरिने वस्तु वा सेवा ट्रेडमार्क भएमा सोको प्रमाणपत्र।

(ङ) उत्पादन गराउने र उत्पादन गर्ने उद्योगको कम्पनी अद्यावधिक भएको प्रमाणपत्र।

(च) उत्पादन गराउने र उत्पादन गर्ने उद्योगको अद्यावधिक विवरण।

(छ) उत्पादन गराउने र उत्पादन गर्ने उद्योगको कर चुक्ता प्रमाणपत्र।

(ज) उत्पादन गराउने र उत्पादन गर्ने उद्योगको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (आवश्यक पर्ने भएमा)।

(झ) उत्पादन गराउने र उत्पादन गर्ने कम्पनीको सञ्चालक समितिको निर्णय।

## २. करार वा उपकरार अभिलेख गर्दा लिइने आधार एवम् शर्तहरु

विभागले करार वा उपकरारको अभिलेख गर्दा देहायका आधारहरू लिनुपर्नेछ:

(क) उत्पादन गर्ने र उत्पादन गराउने उद्योगले दुईपक्ष बीच गरेको करार सम्झौता।

(ख) करारमा वस्तु उत्पादन गराउने उद्योगको उत्पादन हुने वस्तुको ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको।

(ग) उत्पादन गर्ने र उत्पादन गराउने उद्योगको उद्देश्य समान रहेको।

(घ) उत्पादन गर्ने उद्योगको स्वीकृत परियोजना प्रतिवेदन (स्कीम) मा उल्लेखित क्षमता भित्र रहने गरी गरेको उत्पादन करार सम्झौता।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
अनुमति तथा दर्ता शाखा
त्रिपुरेश्वर, काठमाण्डौ

७. विविध

(क) उद्योगहरूले एकआपसमा करार वा उपकरार गरी वस्तुको उत्पादन गर्न वा गराउने करार सम्झौता गर्दा औद्योगिक व्यवसाय ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ तथा अन्य प्रचलित कानून विपरीत हुने गरी गर्न पाइने छैन।

(ख) वस्तुको गुणस्तर न्यून र प्रतिस्पर्धा सिमित नहुने गरी करार सम्झौता गर्नुपर्नेछ।

८. प्रतिवेदनः करारमा गरिने उत्पादनको विवरण दुवै पक्षले वार्षिक रुपमा विभाग समक्ष पेश गर्नुपर्नेछ।

९. हेरफेर, संशोधन र खारेजीः औद्योगकि तथा लगानी प्रवर्द्धनको वोर्डले यस मापदण्डको कुनै प्रावधान थपघट, हेरफेर, संशोधन र खारेज गर्न सक्नेछ।

(ङ) उत्पादन गर्ने र उत्पादन गराउने उद्योगले आफ्नो व्यावसायिक कारोवार शुरु गरेको हुनुपर्ने।

(च) करार सम्झौताको स्वीकृति एकपटकमा बढीमा पाँच वर्षको लागि दिइनेछ।

(छ) उत्पादन गर्ने र उत्पादन गराउने उद्योगले एक आपासमा करार वा उपकरार गरी वस्तु उत्पादन गर्न सक्नेछ। साथै कुनै वस्तु उत्पादन गर्ने उद्योगले सो वस्तुसँग सम्वन्धित सहायक वस्तु उत्पादन गर्नुपरेमा एक वा सो भन्दा वढि उद्योगसँग उत्पादन करार सम्झौता गर्न सक्नेछ।

३. **करार सम्झौतामा उल्लेख गर्नुपर्ने विषयहरु**

उत्पादन गराउने उद्योग र उत्पादन गर्ने उद्योगले एक आपसमा उत्पादन करार सम्झौता गर्दा प्रचलित कानूनमा उल्लेखित विषयका अतिरिक्त देहायका विषयहरु समावेश गर्नुपर्नेछः

(क) उत्पादन गरिने वस्तुको नाम र वार्षिक परिमाण

(ख) जनशक्ति प्रयोग वा व्यवस्थापनको विषय

(ग) कच्चा पदार्थको आपूर्ति

(घ) पक्षहरूको जिम्मेवारी

(ङ) वस्तुको गुणस्तर

(च) करारवाट प्राप्त हुने रकम

(छ) भूक्तानी सम्वन्धी व्यवस्था

(ज) वीमा सम्वन्धी विषय

(झ) विवादको समाधान सम्वन्धी विषय

(ञ) आवश्यक अन्य विषय

४. **करार सम्झौताको अभिलेख गर्ने**

समान उद्देश्य लिई प्रचलित कानून वमोजिम दर्ता भएका उद्योगले वस्तु उत्पादन गर्न गराउन उत्पादन गराउने उद्योग र उत्पादन गर्ने उद्योगले एकआपसमा करार गर्ने गरि यस मापदण्डको दफा १ वमोजिम निवेदन पेश गरेमा विभागले करार सम्झौता स्वीकृत गरी अभिलेख गर्ने र सोको जानकारी सम्वन्धित पक्षलाई उपलब्ध गराउने छ। यस्तो करारमा उद्योगको प्रकृति अनुसार विभागले शर्त तोक्न सक्नेछ।

५. **परियोजना तथा वातावरणीय पक्ष सम्बन्धी व्यवस्थाः**

(क) उत्पादन गर्ने उद्योगले आफ्नो स्वीकृत क्षमता भित्र रही वस्तु उत्पादन गर्नुपर्नेछ।

(ख) उत्पादन गराउने उद्योग र उत्पादन गर्ने उद्योगले क्षमता अनुरुप वातावरणीय अध्ययनका प्रावधानहरुको पालना गर्नुपर्नेछ।

६. **करारको पालना**

औद्योगिक व्यवसाय ऐन, २०७६ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ वमोजिम औद्योगिक वस्तुको उत्पादन गर्न एक आपसमा करार गर्ने दुवै पक्षले करार सम्झौतामा उल्लेख भए वमोजिमका विषयहरू पालन गर्नु पर्नेछ। सम्झौतामा उल्लेख नगरिएको विषय करार सम्वन्धी प्रचलित कानून वमोजिम हुनेछ।